| २०७७ बैशाख १ देखि भदौ १ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २१३ | ६१ | १६२ | ७ | १२ | ३ | ५१ | ० | १६५ | **२७१** | **७३** | **३३०** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ १ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| **पहिरो** | | | **बाढी** | | | **चट्याङ्ग** | | | **कुल जम्मा** | | |
| **मृत्यु** | **बेपत्ता** | **घाइते** | **मृत्यु** | **बेपत्ता** | **घाइते** | **मृत्यु** | **बेपत्ता** | **घाइते** | **मृत्यु** | **बेपत्ता** | **घाइते** |
| २११ | ६१ | १६१ | ४ | ११ | १ | २१ | ० | ४६ | **२३६** | **७२** | **२०८** |
| **२०७७ भदौ १ देखि भदौ २ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| **पहिरो** | | | **बाढी** | | | **चट्याङ्ग** | | | **कुल जम्मा** | | |
| **महिला** | **पुरुष** | **जम्मा** | **महिला** | **पुरुष** | **जम्मा** | **महिला** | **पुरुष** | **जम्मा** | **महिला** | **पुरुष** | **जम्मा** |
| ० | २ | २ | ० | ० | ० | ० | ० | ० | **०** | **२** | **२** |

# दैनिक विपद् बुलेटिन

१ भदौ विहान १०:०० बजेदेखि २ भदौ विहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर ४ स्थानमा **आगलागी,** ३ स्थानमा **पहिरो,** २ स्थानमा **अबिरल बर्षा,** १ स्थानमा **सर्पदंश,** १ स्थानमा **चितुवाको आक्रमण**का घटना घटेका छन् । यी घटनामा परेर २ जनाको **मृत्यु,** ४ जना **घाईते** भएका छन् । **पहिरो**का कारण ३ स्थानमा **बाटो अवरुद्ध** भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| २ | ० | ११ | ४ | २५,७०,००० | ३ | १ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **११** वटा घट्ना भएका छन् ।
- **सिन्धुपाल्चोक थप अपडेट** मिति २०७७।४।३० गते जुगल गाउँपालिका वडा नं २ लिदीमा गएको **पहिरोमा** परि बेपत्ता भएकाहरु मध्ये २ जनाको **शव** भदौ १ गते फेला परेको । **हालसम्म २१ जनाको मृत्यु, ५ जना घाईते, र १८ जना बेपत्ता छन् । (बेपत्ता थपघट हुन सक्ने )**
- **स्याङ्जा**को वालिङ नगरपालिका वडा नं ११ स्वरेक टापुस्थित घरको आगनमा बसिरहेको अवस्थामा **एक** ६७ वर्षाय पुरुषलाई एक्कासी **चितुवाले आक्रमण** गर्दा **घाईते** ।
- **पाल्पा**को रामपुर नगरपालिका वडा नं ५ कान्जिहाउसस्थित घरमा सुतिरहेको अवस्थामा २१ वर्षिया एक महिलालाई **सर्पले** दाईने हातको औंलामा **टोकि घाईते** ।
- **रौतहट**को माधवनारायण नगरपालिका वडा नं ७ कुश्वाहा टोलस्थित एक पसलमा खाना पकाउने क्रममा ग्याँस लिक भई अचानक **आगलागी** हुँदा पसलका विभिन्न सरसामानहरू जली **६ लाख रुपैंया** बराबरको क्षति साथै आगो निभाउने क्रममा बर्ष ७५ को **एक पुरुष** र बर्ष ७० की **एक महिला** जली **घाईते** ।

## घट्ना सारांश...

- **पर्सा**को सखुवाप्रसौनि गाउँपालिका वडा नं २ जमुनिया टोलस्थित एक घरगोठमा लामखुट्टे धपाउन बालेको आगोबाट **आगलागी** हुँदा घरगोठ पुर्ण रुपमा जलि नष्ट भई घर भित्र रहेको मोटरसाइकल, लत्ताकपडा, अन्नपात गरी **२ लाख ५० हजार रुपैंया** बराबरको क्षति ।
- **रोल्पा**को त्रिवेणी गाउँपालिका वडा नं ६ धारमखोलास्थित एक गोठ **अविरल बर्षा**को कारण भत्कीई गोठ भित्र रहेको १ वटा गोरुको मृत्यु भई **१ लाख ७० हजार रुपैंया** बरावरको क्षति ।
- **सुर्खेत**को बिरेन्द्रनगर नगरपालिका वडा नं १३ कर्मीटोलस्थित **२** वटा घर **अविरल वर्षा**का कारण भत्किई पुर्णरुपमा क्षति ।
- **खोटाङ्ग**को रावाबेशि गाउँपालिका वडा नं ४ डुम्रे धारापानीस्थित एक घरमा बिद्युत सर्ट भई **आगलागी** हुँदा घरमा भएको लत्ताकपडा, अन्नपात, भाडावर्तन, काठपात, नगद, सुन समेत गरी **१२ लाख रुपैंया** बराबरको क्षति ।
- **कपिलवस्तु**को शिवराज नगरपालिका वडा नं १ काफलबुटास्थित एक कच्ची घरमा खाना पकाउने ग्याँसको पाईप लिक भई **आगलागी** हुँदा घर पूर्णरूपमा जली नगद समेत गरि **३ लाख ५० हजार रुपैंया** बराबरको क्षति ।

## बाटो अवरोध

- **रसुवा**को गोसाईकुण्ड गाउँपालिका वडा नं २ रसुवागढीस्थित नेपाल चीन सिमा नाका रसुवागढी देखी चिनको केरुङ जाने **बाटो पहिरो** गई **अवरोध** भएकोले केरुङबाट आउने मालबाहक सवारी साधन आउन नसकेको ।
- **मनाङ्ग**को नासो गाउँपालिका वडा नं १ तालडाँडास्थित **मनाङ बेशिसहर सडकखण्ड**मा **सुख्खा पहिरो** आई **सडक अबरुद्ध** भई सोही पहिरोबाट प्रहरी चौकी ताल मनाङको चेक प्वाईन्ट भवन र शौचालय समेत बगाएको ।
- **पर्वत**को जलजला गाउँपालिका वडा नं ८ खनियाघाँट स्थित **बेनी मालढुङ्गा सडक खण्ड**मा **पहिरो** आई **बाटो पुर्णरुपमा अबरोध** ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट आगलागी, सर्पदंश र चितुवाको आक्रमणका कारण घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पठाइएको, सिन्धुपाल्चोकको लिदी पहिरोमा परी बेपत्ता भएकाहरुको खोजी कार्य जारी रहेको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै अबरुद्ध बाटो खुलाउने प्रयास भइरहेको ।

## वर्षाको सारांश

भदौ ०१ गते बिहान ०८:४५ बजे देखि भदौ ०२ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/०२ गते बिहान ०८:४५ बजे १९९ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ६० र स्वचालितः १३९) मा मापन गरिएको वर्षाको विवरण अनुसार १२७ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (६८.२ मि. मी.) अच्छाम जिल्लाको साँफेबगर केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ३ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, १२ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र २४ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

भदौ-०२ (मंगलबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी, नारायणी र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै हुने । आज कर्णाली,महाकाली र यसका प्रमूख सहायक नदीमा बहाव बढ्दो हुने र सतर्कता भन्दा केहि तल हुने । कर्णाली र महाकालीका जलाधारका केहि स-साना सहायक नदीमा बहाव सतर्कता आसपास पुग्न सक्ने पुर्वानुमान छ ।
- आज कन्काई, कमलामा सामान्य घटबढ हुने, बागमती, पश्चिम राप्ती, बबई लगायतमा बहाब बढ्ने तर सतर्कता भन्दा तलै हुने । आज बागमती, पश्चिम राप्ती, बबई र यसका केहि स-साना सहायक नदीमा बहाब बढ्ने तर सतर्कता भन्दा तलै हुने ।
- आज कान्द्रा, मोहना, खुट्टिया, मछेली, सुहेली, चौधर, रंघुन, चमेलिया लगायत बर्दिया, सुर्खेत, सल्यान, दैलेख, कालिकोट, डोटी, अछाम,बाजुरा, कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी, दार्चुला भई बहने साना नदीमा बहाव उल्लेख्य बढ्ने र प्रायमा आकस्मिक वहाव (Flash Flood) भई सतर्कता आसपास हुने पुर्वानुमान छ ।
- आज बागमती प्रदेशको नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, का. उपत्यका, धादिङ, मकवानपुर, चितवन, गण्डकी प्रदेश को गोरखा, लमजुङ तनहूँ, कास्की, बागलुङ, पर्वत, स्याङजा, प्रदेश ५ को रोल्पा, रूकुम, प्यूठान, दाङ, बाँके तथा कर्णाली र सुदूरपश्चिम प्रदेशको मध्यपहाडी, चुरे र तराईबाट बहने केहि स-साना नदीमा बहाव बढ्ने र केहिमा सतर्कता आसपास पुग्ने पूर्वानुमान छ ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइट:http://hydrology.gov.np/